# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

हात्तीसार, काठमाण्डौ।

## प्रेस विज्ञप्ति

मिति २०७५।०९।३०

यस जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०७५।०९।३० गते सोमबार नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा सञ्चालक समितिका अध्यक्ष तथा नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेश कुमार घिमिरेको सभापतित्वमा सम्पन्न भयो। साधारण सभामा सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको वार्षिक प्रतिवेदन तथा यस साधारण सभामा निम्न अनुसारका प्रस्तावहरु पारित गरिएको निर्णय भयो:

१. साधारण प्रस्ताव

क) सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुभएको आ.व. २०७४।७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४।७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गरियो।

ग) महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चार्टर्ड एकाउन्टेन्ट श्री राजन अधिकारीलाई आ.व. २०७४।७५ को लागि लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो।

घ) कम्पनीको स्वतन्त्र व्यवसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ) मा डा.ई. मेग बहादुर विश्वकर्मालाई नियुक्त गर्ने प्रस्ताव पारित गरियो।

ङ) सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रस्ताव पारित गरी भएको निर्वाचन प्रकृयाबाट अधिकतम मत प्राप्त गरी श्री सुधिर ज्ञवाली निर्वाचित हुनुभएको छ।

२. विशेष प्रस्ताव

क) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १०% प्रतिशतले हुने रु. १ अर्ब बराबरको वोनस शेयर प्रदान गर्ने र वोनस शेयरमा लाग्ने कर बराबर हुन आउने रु. २१,०५२,६३१।५८ नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरियो।

ख) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १:१ अर्थात १००% हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरियो।

ग) कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा पूँजी बृद्धि लगायतका संशोधन गर्ने प्रस्ताव पारित गरियो।

घ) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा जिल्ला सोलुखुम्बु नेचा सल्यान गाउँपालिका स्थित महेन्द्रोदय मा. वि., वि. पि. संस्कृत मा. वि. र राम लक्ष्मण आधारभूत विद्यालयलाई कम्प्युटर सेटहरु वितरण गरिएकोमा सो को अनुमोदन गर्ने प्रस्ताव पारित गरियो।

कम्पनीले आफ्नो उद्देश्य बमोजिम विभिन्न जलविद्युत आयोजनाहरु, प्रसारण कम्पनी एवं इन्जिनियरिङ्ग कम्पनीहरुमा ऋण तथा शेयर लगानी गरेको छ। आ.व. २०७४/७५ सम्म कम्पनीले ५४१.२ मेगा वाट कुल जडित क्षमता भएका १४ वटा जलविद्युत आयोजनाहरुमा ७ अर्ब ८८ करोड बराबरको ऋण प्रतिबद्धता गरी १ अर्ब ६५ करोड प्रवाहित भएको छ। त्यस्तै कम्पनीले जलविद्युत क्षेत्र संग सम्बन्धित ५ वटा विभिन्न कम्पनीहरुमा रु. ९२.३ करोड स्वपूँजी लगानी प्रतिबद्धता गरी ३४.९ करोड लगानी गरिसकेको छ ।

यसै गरी सहायक कम्पनी रेमिट हाइड्रो लिमिटेडबाट निर्माण गरिने ७१.५ मेगावटको घुन्सा खोला तथा ५३.७ मेगावटको सिम्बुवा खोला जलविद्युत आयोजनाहरुको सर्वेक्षण अनुमति प्राप्त गरी विस्तृत अध्ययनको कार्य भई रहेको छ। हाल उक्त कम्पनीको व्यवस्थापन यस कम्पनीबाट नै भइरहेको छ। त्यसै गरी विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रबर्धन हुने ४२६ मेगा वाट क्षमताको फुकोट कर्णाली जलविद्युत आयोजनामा स्वपूँजीको १०% ले हुन आउने रु. १ अर्ब २६ करोड लगानी गर्ने प्रतिबद्धता यस कम्पनीले गरेको छ।

छवि राज पोखेल
प्रमुख कार्यकारी अधिकृत